प्रतिनिधिको रोहबरमा खोली मूल्यांकन गर्नु पर्नेछ । त्यसरी मूल्यांकन गर्दा उपनियम (३) बमोजिम कायम भएको मूल्यको अधीनमा रही सबैभन्दा बढी मूल्य भएको बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी त्यस्तो बोलपत्रदातालाई सो सम्पत्ति लिलाम बिक्री गर्नु पर्नेछ ।

"(२ख) उपनियम (२) बमोजिम प्रकाशित सूचनाको आधारमा डाँक बढाबढको माध्यमद्वारा लिलाम बिक्री गर्दा स्थानीय प्रशासनको प्रतिनिधि र कम्तीमा दुईजना स्थानीय व्यक्तिहरुको रोहबरमा उपनियम (३) बमोजिम कायम भएको मूल्यको अधिनमा रही सो सम्पत्ति लिलाम बिक्री गर्नुपर्नेछ ।"

(३) उपनियम (३) को अन्त्यमा "त्यसरी चल अचल सम्पत्तिको मूल्य कायम गर्दा सम्बन्धित विशेषज्ञ समेतको राय लिन सकिनेछ" भन्ने वाक्यांश थपिएको छ ।

(४) उपनियम (४) मा रहेका "उपनियम (२)" भन्ने शब्दहरुको सट्टा "उपनियम (२क) वा (२ख) " भन्ने शब्दहरु र सोही उपनियम को ठाँउ ठाउँमा रहेका "लिलाम बढाबढ" भन्ने शब्दहरुको सट्टा "लिलाम बिक्री" भन्ने शब्दहरु राखिएका छन् ।

(५) उपनियम (५) को ठाउँ ठाउँमा रहेका "लिलाम बढाबढ" भन्ने शब्दहरुको सट्टा "लिलाम बिक्री" भन्ने शब्दहरु र सोही उपनियमको अन्त्यमा रहेका "सोही मूल्यमा ऋण असूली अधिकृतले त्यस्तो चल अचल सम्पत्ति लिलाम बिक्री गर्नुपर्नेछ" भन्ने शब्दहरुको सट्टा "त्यस्तो चल अचल सम्पत्ति सम्बन्धित बैंक वा वित्तीय संस्थाले निर्धारित मूल्यमा सकार गर्नु पर्नेछ । त्यसरी बैंक वा वित्तीय संस्थाले चल अचल सम्पत्ति सकारेपछि त्यस्तो बैंक वा वित्तीय संस्थाको ऋण चुक्ता भएको मानी हिसाब मिलान गरिनेछ । " भन्ने शब्दहरु राखिएका छन् ।

५. मूल नियमावलीमा नियम २९क. र २९ख. थप : मूल नियमावलीको नियम २९ पछि देहायका नियम २९क. र २९ख. थपिएका छन् :-

"२९क. लिलाम बिक्री गर्दा लागेको खर्च : (१) ऋण असुली अधिकृतले नियम २८ बमोजिम आफ्नो कब्जामा लिएको चल अचल सम्पत्ति लिलाम बिक्री गरी ऋण असूल गर्दा त्यस्तो लिलाम बिक्री गर्ने सिलसिलामा लागेको सम्पूर्ण खर्च कटाई बाँकी रहन आएको रकमबाट सम्बन्धित बैंक वा वित्तीय संस्थाले पाउनु पर्ने रकम त्यस्तो बैंक वा वित्तीय संस्थालाई दिलाई दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम लिलाम बिक्री गर्ने सिलसिलामा लागेको सम्पूर्ण खर्च र बैंक वा वित्तीय संस्थाले पाउनुपर्ने रकम कटाई बाँकी रहन आएको रकम सम्बन्धित ऋणी वा जमानत दिने व्यक्तिलाई फिर्ता दिनु पर्नेछ ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि न्यायाधिकरणले आवश्यक ठानेमा चल अचल सम्पत्ति लिलाम बिक्री गर्नु भन्दा अगावै पनि लिलाम बिक्री गर्दा लाग्ने अनुमानित खर्च सम्बन्धित बैंक वा वित्तीय संस्थालाई अग्रीम रुपमा दाखिला गर्न लगाउन सक्नेछ ।

२९ख. पुरस्कार दिने : ऋणीले धितो राखेको वा जमानत दिने व्यक्तिले जमानत दिएको हदसम्मको रकम वापत धितो राखेको सम्पत्तिबाट बैंक वा वित्तीय संस्थाले पाउनुपर्ने ऋण रकम चुक्ता हुन नसकेको र ऋणी वा जमानत दिने व्यक्तिको अन्य सम्पत्ति फेला नपरेको अवस्थामा कुनै व्यक्तिले त्यस्तो व्यक्तिको कुनै सम्पत्तिको बारेमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

न्यायाधिकरणलाई लिखित जानकारी गराएको आधारमा फेला परेको सम्पत्ति लिलाम बिक्री गरी प्राप्त हुने रकमबाट न्यायाधिकरणले त्यस्तो व्यक्तिलाई पाँच प्रतिशत रकम पुरस्कार स्वरुप दिनेछ ।"

६. मूल नियमावलीमा नियम ३०क. थप : मूल नियमावलीको नियम ३० पछि देहायको नियम ३०क. थपिएको छ :-

"३०क. थुनामा राख्न पठाउने : ऐनको दफा २५ को उपदफा (२) को खण्ड (ग) बमोजिम कुनै व्यक्ति विशेष ऋणी वा जमानत दिने व्यक्तिलाई थुनामा राख्नुपर्ने भएमा त्यस्तो व्यक्तिलाई थुनामा राखी दिनको लागि सम्बन्धित प्रहरी कार्यालयमा लेखि पठाउनु पर्नेछ र त्यसरी लेखी आएमा सम्बन्धित प्रहरी कार्यालयले त्यस्तो व्यक्तिलाई थुनामा राखी दिनु पर्नेछ ।"

७. मूल नियमावलीमा नियम ४२क. र ४२ख. थप : मूल निमायवलीको नियम ४२ पछि देहायका नियम ४२क. र ४२ख. थपिएका छन् :-

"४२क. प्रतिनिधित्व गराउन सक्ने : (१) उजुरी निवेदन, पुनरावेदन वा प्रतिउत्तर पेश गर्ने बैंक वा वित्तीय संस्था वा ऋणीले न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरण समक्ष कुनै कानून व्यवसायी वा लेखा व्यवसायीलाई प्रतिनिधि मुकरर गरी आफ्नो तर्फबाट प्रतिनिधित्व गराउन सक्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बैंक वा वित्तीय संस्थाले आफ्नो कुनै कर्मचारीलाई आफ्नो प्रतिनिधि मुकरर गरी आफ्नो तर्फबाट न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरण समक्ष प्रतिनिधित्व गराउन सक्नेछ ।"

"४२ख. काठमाडौं उपत्यका बाहिरको म्याद तामेली : न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरणले काठमाडौं उपत्यका बाहिर कुनै म्याद तामेली गर्नुपर्ने भएमा आफ्नो कुनै कर्मचारी खटाई वा सम्बन्धित जिल्ला अदालत मार्फत म्याद तामेली गर्न वा गर्न लगाउन अनुरोध गर्न सक्नेछ ।"

आज्ञाले,

भानुप्रसाद आचार्य

श्री ५ को सरकारको सचिव

मुद्रकः मुद्रण विभाग, सिंहदरबार, काठमाडौं ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

922